नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।

पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी
(साप्ताहिक)
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ४९ २०६९ चैत्र ८ गते, बिहीबार 21,Mar. 2013 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।
संस्थापक/प्रधान सम्पादक
ज्यो.डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४

## स्याङ्जाकै प्रसिद्ध धार्मिकस्थल 'गह्रौंकालिका'

**हरि पन्त/ज्योतिष भविष्यवाणी**

**पोखरा** : ऐतिहासिक एवम् धार्मिक आस्थाको धरोहर नेपालका विभिन्न जिल्लाहरूमध्ये स्याङ्जा पनि एक हो । स्याङ्जा जिल्लामा विभिन्न धार्मिक एवम् ऐतिहासिक महत्व बोकेका धार्मिक मन्दिरहरू रहेका छन्, जसमध्ये चर्चाको शिखरमा स्याङ्जा जिल्लाकै प्रसिद्ध धार्मिक स्थल 'गह्रौंकालिका' देवीको मन्दिर रहेको छ । स्याङ्जा जिल्लाको वालिङ नगरपालिका, पकवादी गा.वि.स. र केवरेभञ्ज्याङ गा.वि.स.को सीमानामा रहेको सो गह्रौंकालिका भगवती मन्दिरलाई पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मानिंदै आएको छ ।


तस्वीर : ज्योतिष भविष्यवाणी

हिन्दूहरूको पवित्र धार्मिक शक्तिपीठको रुपमा परिचित स्याङ्जाको गह्रौंकालिका मन्दिर धार्मिक दृष्टिकोणलेमात्र प्रसिद्ध नभई साँस्कृतिक, भौगोलिक, प्राकृतिक र ऐतिहासिक हिसाबले पनि महत्वपूर्ण रहेको नेपाल प्रेस युनियन स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देलको भनाइ छ । समुद्री सतहदेखि झण्डै एहजार पाँचसय ९६ मिटरको उचाईमा अवस्थित गह्रौंकालिका मन्दिर स्याङजा जिल्लाकै सर्वोच्च स्थानमा रहेको छ, जसका कारण पर्यटकीय सम्भावना बढेर गएको हो, मन्दिरमा पुगेपछि जो कोहीले आनन्दको अनुभूति गर्ने गर्दछन । उच्च पहाडी भाग रहेकाले यहाँबाट धेरै टाढा-टाढासम्मका दृश्यहरू अवलोकन गर्न सकिन्छ । गह्रौंकालिका भगवतीको दर्शन गरेमा नि:सन्तानलाई सन्तान प्राप्ति हुन्छ भन्ने हिन्दूहरूको धार्मिक आस्था रहेको मन्दिर आसपासमा स्वच्छ हरियाली माझमा रहेको स्थलबाट उत्तरतर्फ आँधीखोला र वरिपरिका सुन्दर बस्तीहरू साथै अन्य सुन्दर डाँडाकाडाहरू र अटल माछापुच्छ्रे, अन्नपूर्ण लगायत सम्पूर्ण धौलागिरि हिमश्रृङ्खलाको मनमोहक दृश्यले लोभ्याउने गर्दछ ।

दक्षिणतर्फ पवित्र धार्मिकस्थल राम्दीधामदेखि आफ्नै स्वतन्त्र गतिमा निरन्तर बगिरहने काली गण्डकीसँगै चापाकोट, रत्नपुर र पाल्पाको रामपुरको उर्वर विशाल फाँट तथा अन्य थुप्रै भू-भागहरूको दृश्य देखिन्छ । चैत्र-बैशाखको समयमा लालीगुराँस फुलेर जंगल नै राताम्य भएको देख्न सकिन्छ । स्याङ्जा जिल्ला लगायत जिल्लाबाहिर पाल्पा, गुल्मी, पर्वतलगायत नवलपरासी लगायत टाढा-टाढाका भक्तजनहरू दर्शन गर्न आउनेक्रम बर्षैभरी नियमित रहन्छ । विशेष गरी नवदुर्गा र चैत्राष्टमीको दिन पञ्चवलीको साथमा हुने मेलामा हजारौं दर्शनार्थीहरूको घुईंचो लाग्ने गर्दछ । प्राकृतिक मनोरम भएको यो क्षेत्रको प्रचार-प्रचारमा कमी आएकोले पनि ओझेलमा परेको नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष ओमप्रकाश शर्माको भनाई छ ।

पौराणिक कथन अनुसार बाइसे-चौबिसे राज्यको बेलामा गह्रौंकोटे राजाको दरबार उक्त स्थानमा रहेको पाईन्छ । तिनै गह्रौंकोटे राजाको कोट भएकाले गह्रौंकालिका देवीको स्थापना गरिएको भन्ने इतिहासमा उल्लेख गरिएको छ, जुन कुराको पुष्टि मन्दिर वरपरका स्थानहरूमा पाइने निर्माणका भग्नावशेषहरूबाट र दरबारको सुरक्षाका लागि निर्माण गरिएका खाल्टाहरूबाट स्पष्ट हुन्छ । धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्नका लागि पूर्वाधार निर्माणकोक्रममा लागिएको र आन्तरिक तथा दोस्रो मुलुकबाट पर्यटकहरूको आगमन हुन थालेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुरजप्रताप खाँणको भनाई छ । गह्रौंकालिका मन्दिरको पश्चिमाञ्चलमा चर्चाको हिसावले ठूलो धार्मिक शक्तिपीठको रुपमा मानिंदै आएकाले पनि वालिङदेखि गह्रौंकालिका मन्दिरसम्मको केवलकारको सम्भावना पनि उत्तिकै छ । यसको बारेमा वालिङवासीले बाँकी पाँच पृष्ठमा...

## निर्वाचन ६ गते उपयुक्त

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : गत ज्येष्ठ १४ पछिको अन्यौलपूर्ण राजनीति गत फाल्गुन ३० गतेबाट अन्त्य भएको छ । नेपालका मुख्य राजनीतिक दलहरूले प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी सरकार गठन गरेर आ-आफ्ना पार्टीमा छलफललाई तिव्रता दिंदै निर्वाचनका लागि जनतालाई जगाउने अभियानमा जुटेका छन् । राजनीतिक दलहरू सकेसम्म आगामी आषाढ महिनाको पहिलो साता निर्वाचन गराउन बल गरिरहेका छन् । दलहरू आषाढको पहिलो साता निर्वाचन गराउन प्रयासरत रहँदा नेपाली कांग्रेस कास्कीका पूर्व सभापति शुक्रराज शर्माले ज्योतिष भविष्यवाणी संग सोध्नुभयो- 'निर्वाचन कुन दिन उपयुक्त हुन्छ ?' उहाँको प्रश्नको उत्तर दिन ज्योतिष भविष्यवाणीलाई सहज थिएन । किनकी नेपालका राजनीतिक दलहरूले ज्योतिषमा विश्वासै गर्दैनन् ।

तैपनि ज्योतिष भविष्यवाणीले गम्भीर भएर पात्रो पल्टायो र उत्तर दियो-'आषाढ महिनामै निर्वाचन गराउने हो भने ६ गते बिहीबारका दिन अत्यन्तै शुभ हुनेछ ।' किनकी आगामी आषाढ ६ गते तुला राशिमा चन्द्रमा रहेको छ । जसको प्रभाव अत्यन्तै सकारात्मक रहनेछ ।

त्यस्तै त्यस दिन आनन्दादि योगमध्ये 'स्थिर' योग परेकोले नेपालको भावी संविधान स्थिर रहनसक्ने संकेत गर्दछ । त्यस्तै तुलसी विजारोपण गर्ने एकादशीको दिन समेत परेकोछ । जुन दिन चुनाव सम्पन्न गरेमा विष्णु भगवानको आशिर्वादले नेपालका राजनीतिक दलका उच्च नेतृत्व, राष्ट्रपति, प्रधानमन्त्री तथा प्रमुख व्यक्तित्वहरूलाई नयाँ मोडमा पुऱ्याउने देखिन्छ ।

स्मरण रहोस् पूर्व राजाहरूलाई नेपाली जनताले विष्णु भगवानको रुपमा पूज्ने गर्दथे । त्यसैगरी आषाढ ६ गते आनन्दादि योगमध्ये 'सिद्धि' योग परेकाले त्यस दिन गरेको निर्वाचनले नेपालमा देखिएको अन्यौलता हट्न गई सुधारको बाटोमा लाग्नेछ ।

त्यसैले नेपालका राजनीतिक दलहरूले अन्तरिम निर्वाचन सरकारको विरोध गरेर होइन सक्दो सहयोग गरी आगामी आषाढ ६ गते बिहीबारका दिन निर्वाचन सम्पन्न गर्न सके राजनीतिक पार्टी एवम् समग्र राष्ट्रको भविष्य उज्ज्वल हुने ज्योतिष भविष्यवाणीको निष्कर्ष छ ।

## गीताञ्जलीमा नव प्रतिभा बढ्दै

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पोखराको रामघाटस्थित भगवान श्रीकृष्णको पवित्र गीता मन्दिरको काँखमा नयाँ-नयाँ प्रतिभा प्रष्फुट हुनेक्रम जारी छ । नव प्रतिभाहरूले आफ्ना प्रतिभा प्रष्फुटनमात्र गरेका छैनन् पुराना साहित्यकारहरूको ध्यान केन्द्रित गर्दै वाह!वाह! बनाउन सफल भएका छन् । बालकदेखि बृद्धसम्मका कलाकार, साहित्यकार लगायतलाई आफ्नो प्रस्तुति देखाउने अवसर मिलाएको छ गीता मन्दिरकै नामबाट नामकरण गरिएको गीताञ्जली साहित्य परिवार रामघाट, पोखराले । प्रत्येक महिनाको पहिलो शनिबार बिहान साधना प्रभात कार्यक्रमको आयोजना गर्दै साहित्यिक विकासमा पोखराकै अग्रणी भूमिका निर्वाह गर्न सफल भएको छ ।

आफ्नो स्थापनाकालदेखि लगातार साधना साहित्यमा साधना प्रभात गराउँदै आएको गीताञ्जलीमा शनिबार १२४औं साधना प्रभात सम्पन्न भयो । त्यस साधना प्रभात कार्यक्रममा बालकदेखि वृद्धसम्मका करिब तीन दर्जन साहित्यकार तथा कलाकारहरूले आ-आफ्ना रचना प्रस्तुत गरे । रचना प्रस्तुत गर्नेहरू केही पुरानै अनुहारका थिए भने केही नयाँ अनुहारका । कार्यक्रममा पुराना अनुहारका भन्दा नयाँ अनुहारका साहित्यकार तथा कलाकारले बढी ध्यान खिच्न सफल भएका थिए । साधनाप्रभात कार्यक्रममा पहिलोपटक सहभागिता जनाएकी भोंजे लमजुङकी सावित्री शाहीले 'घर नामको जेल मेरो......' भन्ने नारीको वेदनाले भरिएको मार्मिक शव्दलाई गीतमार्फत प्रस्तुत गर्दा सबै साहित्यकारहरू ध्यानमग्न भएका थिए । त्यस्तै नवप्रवेशी भावना भट्टराई र राधा भट्टराईको कविता तथा गजलले समेत पुराना कवि तथा साहित्यकारको ध्यान खिच्न सफल भएको थियो । त्यस्तै नवप्रवेशी वशन्त विनोदका कविता, अधिवक्ता गंगाप्रसाद सुवेदीको 'राष्ट्रियता बिरामी भई अस्पतालमा रोको देखें....' भन्ने कविताले पनि सबैको मन छुन सफल भएको थियो ।

कार्यक्रममा बालकलाकारहरू लक्ष्मण आचार्य, विष्णु आचार्य, सविस रेग्मी, विनायक शर्मा, सुदीप जि.सी. स्मृति ओझा बाँकी चार पृष्ठमा...

## सहाराविहीनलाई सहारा क्लव

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : सामाजिक एवम् खेलकूदको क्षेत्रमा सक्रिय सहारा क्लव पोखरा अब देशभरका अतिविपन्न तथा कठिन परिस्थितिका बालकहरूको सहारा बन्ने भएको छ । विगत केही वर्षदेखि पोखरा र आसपासका बालकहरूको सहारा बन्दै आएको क्लवले आगामी बैशाख महिनादेखि देशभरका कठिन परिस्थिति एवं विपन्न वर्गका करिब ४० जना बालकलाई समेट्ने भएको हो ।

ती बालकहरूलाई भर्खरमात्र निर्माण सम्पन्न भएको सहारा एकेडेमीको भवन पोखरा-१७ स्थित दोविल्लामा राख्ने भएको छ । देशभरका अतिविपन्न वर्ग तथा कठिन परिस्थितिका बालकहरू छनौट गर्न सहारा क्लव पोखराले क्लवकै वरिष्ठ उपाध्यक्ष वीरभद्र आचार्यलाई नेतृत्व सुम्पेको छ । आचार्यको नेतृत्वमा रहेको छनौट समितिमा क्लवका महासचिव केशबबहादुर थापा सचिव रहनुभएको छ भने क्लवका सदस्य एवम् सल्लाहकार पूर्णबहादुर गुरुङ, केशबराज बराल, विश्वराज बराल, चित्रबहादुर पुन र विनु रानामगर छनौट समितिको सदस्य रहनुभएको छ । क्लबका सल्लाहकारहरू समितिको पदेन सल्लाहकारको रुपमा रहने क्लवले जनाएको छ ।

छनौट समितिले देशभरबाट अति विपन्न तथा कठिन परिस्थितिका बालकहरूलाई समावेश गर्न विभिन्न मापदण्ड तैयार गरेको संयोजक वीरभद्र आचार्यले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो । जसअनुसार पारिवारिक आर्थिक अवस्था अति कठिन भएका बाबुको मृत्यु भएर आमाअन्यत्र विवाह गरेकी अभिभावक विहीन बालक ८ वर्षदेखि १० वर्षबीचको उमेर र कक्षा ५ सम्म अध्ययन गर्दै गरेको भएमा प्रथम श्रेणीमा पर्नेछ । जसका लागि नाता प्रमाणित, अन्य अभिभावक तथा छिमेकीको स्वीकृति, गा.वि.स., नगरपालिका तथा स्थानीय संघ-संस्थाको सिफारिश अनिवार्य रहेको छ । बालक छनौट समितिले बाल भर्ना फर्म जारी गरिसकेको छ, जुन नि:शुल्क रुपमा पाइने क्लवले जनाएको छ । संयोजक आचार्यका अनुसार छनौटमा परेका बालकहरूलाई एस.एल.सी. सम्मको अध्ययन गराई बालकले चाहेमा र योग्य भएमा फुटवल क्लवमा आवद्ध गराइनेछ । बालकले नचाहेमा र फुटवल खेलका लागि योग्य नभएमा स्वरोजगार तालिममा सहभागी गराई व्यवसायिक कार्यमा लगाइनेछ ।

क्लवले यसअघि आमाबुबा गुमाएका बालकहरूलाई एकेडेमीमा राखी एकेडेमीबाटै व्यवसायिक फुटबल खेलाडीहरू उत्पादन गर्दै आएको छ । ती खेलाडीहरू राष्ट्रिय ए डिभिजन लिग एवं राष्ट्रिय टिममा सहभागी हुन सफल भएको महासचिव केशबबहादुर थापाको भनाइ छ । उहाँका अनुसार नयाँ एकेडेमीमा रहने बालकहरूलाई एस.एल.सी. उत्तीर्ण गराउने, स्वरोजगार मुलक तालिमको व्यवस्था गर्ने र राष्ट्रिय फुटबल खेलाडी उत्पादन गर्न सक्दो पहल तथा प्रयास गरिने छ ।

'सहारा क्लव पोखरा खेलकूदकै माध्यमबाट विश्व फुटवलको सर्वोच्च संस्था फिफाको उच्च मूल्याङ्कनमा पर्न सफल भएको छ । यो समग्र पश्चिमाञ्चल तथा राष्ट्रकै गौरवको विषय हो' क्लव वरिष्ठ उपाध्यक्ष वीरभद्र आचार्य भन्नुहुन्छ, 'क्लवकै नाम सहारा हो । त्यसैले बालकको सहारा बनेर अघि बढ्ने छौं । पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका बालकको अभिभावक बन्नेछौं ।'

खेलकूदको माध्यमबाट पनि बाँकी पाँच पृष्ठमा...

### ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय

# ज्योतिष वैज्ञानिक विश्लेषणमा साहित्यकार योग

'साहित्य अन्तर्निहीत तथा आवेगजन्य प्रस्फुटनको इतिहास हो, जीव, चराचर बारेको अभिलेख हो ।' समाजका प्रतिष्ठित व्यक्तित्वमा साहित्यकारको गणना गरिन्छ । साहित्य आफैमा कसैको पेशा होइन, करकापले यो सृजना गरिंदैन । जो कुनै व्यक्ति साहित्यकार हुन सम्भव पनि छैन । कसैले चाँहदैमा कवि, लेखक, समालोचक, नाटककार, निवन्धकार, अभिनयकार, संगीतकार बनिने/बनाउन सकिने पनि होइन । साहित्य आफैमा ज्योतिष हो, यदि यसले भावी घोषणा गर्न सक्छ भने । ज्योतिष आफैमा साहित्य हो, ज्योतिष बारे कसैले केही लेखिदिनु पर्ने छैन । ज्योतिष साहित्यमा कलियुगका चारलाख बत्तिस हजार दिन गणना अनुसार यति नै श्लोक पनि छन् । जति धनी ज्योतिष साहित्य छ त्यति सम्पूर्ण पुराण महाभारतका श्लोक जोडेमा पुग्न सक्ला । साहित्य सृजना गर्दैमा हुने कुरा होइन, साहित्य व्यक्ति र समाजका लागि कति कामको छ त्यसको आधारमा मूल्याङ्कन गरिनु पर्दछ जो कुनै साहित्यकारको । जति साहित्यको सृजना गरिए पनि नेपाली साहित्य पढ्ने पढाउने परम्पराको निर्वाह बाहेक धेरै पर जान सकेको अवस्था छैन । साहित्यमा यति धेरै पुनरावृत्ति पनि भएकोछ कि संशोधन गर्ने हो भने गुणात्मक साहित्य पाउनै दुर्लभ छ । साहित्य पक्ष-विपक्षको भूमिका खेल्दैन, खेल्ने प्रकारको सृजना गरिनु पनि हुँदैन । साहित्यलाई राजनीतिकवादसंग गाँसेर अत्यन्तै अस्तव्यस्त बनाइएको छ । साहित्यकार राजनीतिज्ञ होकि साहित्यकार ? चिन्नसक्ने अवस्था कमै छ । साहित्यमार्फत राजनीति गर्नेहरूले साहित्यको वास्तविक स्वादलाई कोसौं टाढा पुर्‍याइदिएका छन् । 'साहित्य त्यै लेखिनुपर्दछ जे देखिन्छ ।' अर्को अर्थमा मनमा जे सोचिन्छ, जे बोलिन्छ त्यै लेख्ने व्यक्ति सायद डा.तारानाथ शर्मामात्र होकि जस्तो लाग्छ । साहित्यिक फाँटमा शब्द, वाक्य, वर्णको व्यापक भ्रष्टाचार भएको छ । आजको साहित्य मनको साहित्य छैन । आफ्नो र अरुका लागि होइन अरुका लागिमात्र लेखिदिए जस्तो छ ।

साहित्यमा गाँसिएका व्यक्ति जे लेख्छन् उनीहरूको व्यवहारमा त्यो लागू भएको देखिंदैन । अर्काको उछित्तो काढ्ने साहित्यकार आँफूले मौका पाउँदा लुटपुट त्यै जालमा फँस्छन् । अर्काको भ्रष्टचारीको भण्डाफोर गर्नेहरू मौका पाउँदा आँफै झन् ठूला भ्रष्टाचारी भैदिन्छन् । कथनी र करणीमा समानता नभएको साहित्य, संगीत आडम्बरपूर्ण भैदिन्छ । स्वरमात्र सबै होइन संगीतको मूल विषय पनि मार्मिक हुनुपर्दछ । नेपाली संगीत स्वरको भरमामात्र अडिरहेको छ । गीत रचनाले मानव जीवनसंग प्रायः सरोकार राखेको कमै पाइन्छ । त्यसकारण के कुनै व्यक्ति साहित्यकार संगीतकार हुन सक्दछ ? 'ज्योतिष वैज्ञानिक विश्लेषणमा साहित्यकार योग' शीर्षकमा अध्ययन गर्न खोजिएको छ । कुनै पनि व्यक्ति गणित साहित्य विज्ञानमा प्रतिभाशाली बन्नका लागि तिनको जन्मलग्न वैशाख, आषाढ, भाद्र, आश्विन, पौष महिनामा हुनुपर्ने पाइएको छ । विगत चालिसवर्षको ज्योतिष वैज्ञानिक अध्ययन, अनुसन्धान तथा भविष्यवाणी गर्दा जानकारीमा आयो सफल कवि हुन चन्द्रमा अंक राशि २/४/५/९/१२ मध्ये कुनैमा हुनुपर्दछ । जो व्यक्ति छन्दमा सरर बग्न सक्छन् ती व्यक्ति, साहित्यकार वृष, कर्क, सिंह धनु र मीन राशिका नै छन् । भगवान वेदव्यास स्वयं वृष राशिका हुनुहुन्थ्यो । भगवान श्रीकृष्णाको जन्म राशि वृष हो । अंग्रेज कवि ड्राइडन कर्क राशिका हुन् । मिल्टन सिंह राशिका हुन् । नेपालका ख्यातिप्राप्त राष्ट्रकवि माधव घिमिरे, महाकवि माधव वियोगी, महेश्वर शर्मा पौडेल लगायत असंख्य साहित्यकार जो आफ्नो प्रतिभा स्थापित गर्न सफल छन् जो उच्चस्तरीय पुरस्कार बराबर पाइरहन्छन् ती वृष, कर्क, सिंह, तुला, धनु, मीन राशिका रहेका छन् । डा.तारानाथ शर्मा तुला राशिको हुनुहुन्छ । जन्मको नाम अनुसार राशि वृष, कर्क, सिंह, तुला, धनु, मीन राशि होस् अथवा कर्मनाम अनुसार उस व्यक्तिको सफलता साहित्यमा उच्चस्तरीय पाइएको छ । यो त भयो छन्द कवि योग । त्यस्तै जो व्यक्तिको जन्मलग्न कुण्डलीमा मंगल ग्रह उँचो, मूल त्रिकोण स्वगृहीमध्ये कुनै होला ती व्यक्ति विज्ञान साहित्यकार हुन्छन् । वरिष्ठ साहित्यकार सरुभक्तको जन्मलग्न कुण्डलीमा मंगलग्रह मजबूद भएकै कारणले विज्ञानमा आधारित उपन्यास लेख्न सफल हुनुभएको हो । जो व्यक्तिको जन्मलग्न कुण्डलीमा बुधग्रह मजबूत होला अर्को अर्थमा उँचो, मूलत्रिकोण, स्वगृहीमध्ये कुनै होला तब ती व्यक्ति सफल निवन्धकार, कथाकार, व्यंग्यकार, आख्यानकार, नाटककार हुन सफल हुन्छन् । जो व्यक्तिको बुधग्रह उँचो, मूल त्रिकोण, स्वगृहीमध्ये कुनै होला ती व्यक्ति सफल, प्रतिभाशाली बाल साहित्यकार हुन्छन् । जो व्यक्तिको जन्मलग्न कुण्डलीमा बृहस्पति ग्रह उँचो, मूलत्रिकोण, स्वगृहीमध्ये कुनै होला ती व्यक्ति महाकाव्यकार हुन सफल हुन्छन् र जो व्यक्तिको जन्मलग्न कुण्डलीमा शुक्रग्रह उँचो, मूल त्रिकोण, स्वगृहीमध्ये कुनैमा होला ती सफल समालोचक हुने गर्दछन् ।

शुक्रग्रहको बानी व्यहोरा अर्काको कमि-कमजोरीमात्र देख्नु हो । समालोचक कम ज्यादा विरोधी स्वभावका हुन्छन्, जो शुक्र ग्रहका प्रतिक मानिन्छन् । जसको शनिग्रह उँचो मूलत्रिकोण स्वगृहीमध्ये कुनै होला ती व्यक्ति असल र सफल साहित्यकार हुन्छन् । यस्तो योग परेका साहित्यकारका अंग्रेजी अक्षर पनि चिटिक्क, खिरिला हुने गर्दछन् । जो व्यक्तिको जुन ग्रह उँचो, मूलत्रिकोण, स्वगृही हुन्छ त्यै विधामा लाग्दा आजीवन उत्कृष्ट साहित्यिक सृजना गर्न सकिन्छ । जो व्यक्ति कर्क, धनु, मीन राशिका होलान् अथवा वृष राशिका होलान् ती व्यक्ति असल र सफल लोक गायक/लोक गायिका रहेका छन् । लक्ष्मी न्यौपाने, विष्णु माझी, प्राज्ञ हरिदेवी कोइराला, पुरुषोत्तम न्यौपाने समेत समस्त नेपाली साहित्यिक क्षेत्रमा संलग्न विशेष गरी लोकसंगीत विधामा संलग्न व्यक्ति वृष, कर्क, सिंह, तुला, धनु, मीन राशिका नै हुनुपर्दछ । जो व्यक्तिको जन्मलग्न कुण्डलीमा शुक्र ग्रह उँचो, मूल त्रिकोण स्वगृहीमध्ये होला, ती व्यक्ति सर्वोत्कृष्ट पप गायक हुन्छन्, पप गीतमा नृत्य गर्नेमा उत्कृष्ट हुन्छन् । जो व्यक्तिको मेष, कर्क, तुला राशि हुन्छन् चन्द्रमाका साथमा राहु, केतु या शनि नबसेका भए उत्कृष्ट नृत्यकार हुन्छन् । जो व्यक्तिको जन्मलग्न कुण्डलीमा बुधग्रह उँचो, मूलत्रिकोण, स्वगृहीमध्ये कुनैमा हुन्छ ती सफल पटकथा लेखक, स्क्रिप्ट लेखक हुन्छन् । साहित्यका प्रत्येक विधामा संलग्न व्यक्तित्वको ज्योतिष वैज्ञानिक अध्ययन गर्दा सफल, असफल साहित्यकार योग बारे सटिक जानकारी प्राप्त भयो । तपाई कुन क्षेत्रमा लाग्न चाहनुहुन्छ ? ज्योतिष वैज्ञानिक परामर्श अनुसार लागेमा सफल साहित्यकार बन्न सक्नु हुनेछ ।

# गोर्खाली रेडियोले म्युजिक अवार्ड गर्ने

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : "आफ्नोपन आफ्नो पहिचान, सबल नेपाल हाम्रो अभियान" भन्ने नारा सहित स्थापित गोर्खाली रेडियो १०६ मेर्घाहज पोखराले प्रथम गोर्खाली म्युजिक अवार्ड आयोजना गर्ने भएकोछ ।

रेडियोले आफ्नो दोस्रो वार्षिकोत्सवको अवसरमा म्युजिक अवार्ड गर्न लागेको पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी वि.सं.२०७० साल बैशाख १४ गते म्युजिक अवार्ड गर्न लागेको जानकारी दिएको हो । रेडियोले लोकगीतको विधालाई मात्र समेटेर म्युजिक अवार्ड गर्न लागेको रेडियोका कार्यवाहक अध्यक्ष शान्ति गुरुङले जानकारी दिनुभयो । लोकगीतको विधालाईमात्र समेटेर पोखरामा म्युजिक अवार्ड गर्ने रेडियो गोर्खाली पहिलो भएको गुरुङले दावी गर्नुभयो ।

पोखरा र यस आसपासमा रहनुहुने गोर्खाली समुदायको सामुहिक प्रयासमा गोर्खाली रेडियोको स्थापना भएको हो । गोर्खाली समुदायको साझा संस्था गोर्खा कम्युनिटीले गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, गोर्खा सहकारी उपभोक्ता पसल तथा गोर्खा एण्ड बराह ज्वेलरी संचालनमा ल्याइसकेको छ ।

रेडियोले संस्कार र संस्कृति संरक्षण र संवर्द्धनप्रति प्रतिवद्ध रहेको बताउँदै पश्चिमाञ्चल क्षेत्र लोकगीत संगीतको उर्वर भूमिको रुपमा परिचित रहेकाले त्यस कुरालाई आत्मसाथ गर्दै गोर्खाली रेडियोले आफ्नो दोस्रो बार्षिकोत्सवमा लोक तथा दोहोरी गीतको संरक्षण सवर्द्धन एवम् प्रबर्द्धन गर्ने हेतुले पहिलो गोर्खाली म्युजिक अवार्ड गर्न लागेको रेडियोका स्टेशन म्यानेजर संजय मल्लले जानकारी दिनुभयो ।

म्युजिक अवार्डमा मुख्यतया लोक तथा दोहोरी गीतका विधाहरूलाई नेपालमै पहिलोपटक छुट्टै विधाको रुपमा समेट्ने समेत उहाँले बताउनु भयो । म्युजिक अवार्डका लागि लोक तथा दोहोरी गीतका १२ विधालाई समेटिने र त्यसमध्येबाट ६ वटा सांगीतिक विधामा सम्मान गर्ने कार्यक्रम तय भएको रेडियोकी कार्यबाहक अध्यक्ष गुरुङले बताउनुभयो । मनोनयनमा पर्नका लागि सर्वोत्कृष्ट गायन(पुरुष), सर्वोत्कृष्ट गायन (महिला) सर्वोत्कृष्ट एल्बम, सर्वोत्कृष्ट गीत, सर्वोत्कृष्ट शब्द संकलन, सर्वोत्कृष्ट लय, सर्वोत्कृष्ट संगीत संयोजक, सर्वोत्कृष्ट नवकलाकार, सर्वोत्कृष्ट दोहोरी गीत, सर्वोत्कृष्ट स्रोता छनौटका गीत, सर्वोत्कृष्ट पर्यटन प्रवर्द्धन गीत, सर्वोत्कृष्ट भाषाभाषीका गीत रहेका छन् । त्यस्तै सम्मानका विधाहरूमा लोक दीर्घसेवा सम्मान, आधुनिक गायन सम्मान, पप गायन सम्मान, गजल गायन सम्मान, नेपाली फिल्मी गीत सम्मान, मोफसल संगीत सम्मान रहेका छन् ।

कार्यक्रम सम्पन्न गर्नका लागि गोर्खाली रेडियोकी अध्यक्ष मीना गुरुङको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ । समितिको सह-संयोजकमा रेडियोकी कार्यबाहक अध्यक्ष शान्ति गुरुङ रहनुभएको छ भने पाँच सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको छ । जसमा गोर्खा कम्युनिटी पोखराका अध्यक्ष मेजर लक्ष्मीप्रसाद गुरुङ, गोर्खा सहकारी उपभोक्ता पसलका संयोजक भीमबहादुर गुरुङ, द गोर्खाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष क्याप्टेन इन्द्रबहादुर गुरुङ, गोर्खा एण्ड बराह ज्वेलरीका प्रबन्ध निर्देशक हरि धमला, गोर्खाली रेडियो १०६ मेघाहर्जका निवर्तमान अध्यक्ष साबित्री गुरुङ रहनुभएको छ । अवार्डका मुख्य प्रायोजकमा संजोग ट्राभल्स, टाइटल प्रायोजकमा रवि अटोमोबाइल्स, पियाजियो तथा भेस्पा स्कुटर र गोर्खा एण्ड बराह ज्वेलरी रहेका छन् । पत्रकार सम्मेलनमा गोर्खा कम्युनिटी पोखराका अध्यक्ष मेजर लक्ष्मीप्रसाद गुरुङ, रेडियोका स्टेशन म्यानेजर संजय मल्ल, रेडियोका समाचार संयोजक एवं प्रचार-प्रसार संयोजक एकराज गिरी, प्रयोजकको तर्फबाट गोर्खा बराह एण्ड ज्वेलरीका प्रवन्ध निर्देशक हरि धमलाले बोल्नुभएको थियो ।

## ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

गताङ्कको बाँकी... २०६९/१२/१ गतेदेखि ७ गतेसम्म/

| क्र.सं. | सदस्यहरूको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| १ | किरण मरासिनी | मालेपाटन, पोखरा | ९८४६२८७९८० |
| २ | शर्मिला खत्री | सराङ्कोट, कास्की | ९८४६१२७५७१ |
| ३ | संगिता घिमिरे | काहुँ-१, कास्की | ९८४६२२३६४१ |
| ४ | प्रमोद ढकाल | रत्नचोक, पोखरा | ९८५६०३०११६ |
| ५ | महेन्द्र लामिछाने | पोखरा-१०, अमरसिंहचोक | ९७४६०२९९३५ |
| ६ | अमन गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| ७ | अनुज गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| ८ | कृष्णबहादुर गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| ९ | मीना गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| १० | भुवन सेन ठकुरी | पोखरा-११, फूलवारी | ९८४६१९६३८१ |
| ११ | लक्ष्मी सेन | पोखरा-११, फूलवारी | ९८४६१९६३८१ |
| १२ | कमल पुन | लेनपा, कास्की | |
| १३ | सुवानी पुन | लेनपा, कास्की | |
| १४ | रामचन्द्र श्रेष्ठ | समीभञ्ज्याङ-३, लमजुङ | ९८४६१८३७९६ |
| १५ | आइतुमायाँ श्रेष्ठ | समीभञ्ज्याङ-३, लमजुङ | ९८४६१८३७९६ |
| १६ | दिलिप आचार्य | काहुँ-५, कास्की | ९८४६००२३७८ |
| १७ | सन्दीप आचार्य | काहुँ-५, कास्की | ९८४६५१८२८५ |
| १८ | कृष्णबहादुर वि.क. | हेमजा-१, कास्की | ९८१५१०९४६१ |
| १९ | कमल गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| २० | ज्योति गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| २१ | कविर वि.क. | हेमजा-१, कास्की | ९८१५१०९४६१ |
| २२ | मोहन गुरुङ | पोखरा-१३, कास्की | ०६१-५३८९०४ |
| २३ | सविना वि.क. | हेमजा-१, कास्की | ९८१५१०९४६१ |
| २४ | सूर्य थापा | अर्मला-१, कास्की | ९८०४११८०९० |
| २५ | पवित्रा थापा | अर्मला-१, कास्की | ९८०४११८०९० |
| २६ | सामदी राई | पातले-९, भोजपुर | ९८१५१७९३३० |
| २७ | श्यामकुमार राई | पातले-९, भोजपुर | ९८१५१७९३३० |
| २८ | पूर्णचन्द्र गिरी | राम्जाकोट-२, तनहुँ | ९८४६२३५२०२ |
| २९ | सावित्री कोइराला | पुतली ब.न.पा.३, स्याङ्जा | ९८४६५००१७९ |
| ३० | रेशम कोइराला | पुतली ब.न.पा.३, स्याङ्जा | ९८४६५००१७९ |
| ३१ | तारादेवी पौडेल | बाजुङ-२, पर्वत | ९८४७७५००९६ |
| ३२ | दिवाकर पौडेल | बाजुङ-२, पर्वत | ९८४७६४५७४१ |
| ३३ | पवित्रा शर्मा पौडेल | पैयुँपाटा-९, बाग्लुङ | |
| ३४ | मुक्तिनारायण शर्मा | नाग्लीवाङ-२, पर्वत | ९८४७६९४१४५ |
| ३५ | हरिप्रसाद शर्मा | नाग्लीवाङ-२, पर्वत | ९८४७६९४१४५ |
| ३६ | मनिषा आचार्य | अर्मला-२, कास्की | ९८०६७२१८२७ |
| ३७ | युवराज घिमिरे | लेनपा-२, कास्की | ९८४६०१४२६० |
| ३८ | शुभराज घिमिरे | लेनपा-७, कास्की | ९८४६२६२००९ |
| ३९ | चित्रबहादुर पराजुली | पुतली नपा.१३, स्याङ्जा | ९८५६०५०९१८ |
| ४० | ज्योति थकाली | पोखरा-१०, कास्की | ०६१-५२८२७१ |

# नाटक : ज्योतिषी जनवार्ता

**लेखक : ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

**गताङ्कबाट क्रमशः**

नेपाली पण्डित : (खाना खाँदै) पण्डित कता छ हैं ? (सुवेदी साहु)

मास्टर्नी बजै : खाना खाँदै हुनुहुन्छ । खाना खाँदा बोल्नुहुन्न ।

सुवेदी साहु : पाँच महिना पहिला लिएको पाँचसय रुपियाँको सामाव्याज तुरुन्तै चाहियो, मूल डोको, व्याज, चोके, ठेकी, घीउखानी सबै जोड्दा अठारसय भएको छ ।

मास्टर्नी बजै : साहुजी बस्नुहोस् (कुर्ची दिँदै) पण्डित जी खाना खाई उठ्नुहुन्छ । त्यसपछि जे कुरा गर्नुपर्ने हो त्यो गरौंला ।

नेपाली पण्डित : सुवेदी बा ! कताबाट आउनु भयो ?

सुवेदी साहु : तँसंग पाँचसयको सावाँव्याज अठारसय लिन आएको हुँ । पाँच महिना भयो कम्तिमा महिनामारी व्याज र स्याज त बुझाउनुपर्थ्यो !

नेपाली पण्डित : यो हिमालय मा.वि.को व्यवस्थापन समितिले मासिक कम्तिमा सातसयका दरले कम्तिमा २१ देखि ३५ सय तलव देला र तपाईंलाई दिउँला भन्दैमा ढिला भयो । अब कि तलव माग्छु, होइन भने स्कूल छाड्छु । एकहप्ता अझै पर्खनुहोस् ।

सुवेदी साहु : आजको सातौं दिनमा पैसा बुझाइनस भने ठीक हुने छैननि ! (सुवेदी साहु गुनगुनाउँदै प्रस्थान)

नेपाली पण्डित : (स्कूलमा गएर) होइन हेडसर नियुक्तिपत्र, तलव केही नपाएको पाँच महिना भयो । बिहान बेलुकी दुईछाक र दिनमा खाजा खुवाएर खेतला हाली गत भदौदेखि यो माघसम्म घर चलाउँदै आइयो । निरक्षर खेतला खेताली दिनको तीनसय नगद, तीन पहर भात ख्वाएमात्र काम गर्न आउँछन्, हामी यत्रो पढेको व्यक्ति सित्तैमा कज्याउन मिल्छ ? तपाई यो हिमालय मा.वि.को हेड सर, यहाँको संचालक समिति अध्यक्षको इज्जत छ, इज्जत प्रतिष्ठामा रहने हो भने नियुक्ति, तलब दुवै दिनुपर्‍यो, होइन भने मसंग योग्यता छ जहाँ इज्जत, प्रतिष्ठा मिल्छ म त्यतै जान्छु ।मलाई विश्वास योग्यतामा छ बुझ्नु भो ?

हेडसर : हामी तत्कालै नियुक्ति, तलव दिने वाला छैनौं, तपाईले आफ्नो योग्यता जहाँ बिक्छ त्यहिं पुग्दा हुन्छ ।

नेपाली पण्डित : हवस् त हेडसर नातावाद, कृपावाद, भनसुनवाद मुर्दावाद !, योग्यता, प्रतिभा जिन्दावाद ! म निक्लें अब बाग्लुङ बजार घुम्न । (प्रस्थान गर्दै) ।

क्रमशः

# खानेपानीको व्यवस्था सहज बनाउन माग

**ज्योतिष भविष्यवाणी**

**पोखरा :** पोखरामा खानेपानीको व्यवस्था सहज बनाउन माग गर्दै पोखराका नागरिक समाजका एक टोलीले खानेपानी संस्थान पोखरासंग माग गरेका छन् । जिम्मेवार निकायलाई जवाफदेही बनाउनका लागि मानवअधिकार निगरानी समूह, शान्तिका लागि नागरिक समाजको सञ्जाल, अधिकारकर्मी लगायतको टोलीले संस्थानका कार्यालय प्रमुख शैलेन्द्रकुमार शाहलाई भेटी खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि ध्यानाकर्षण गराएको हो ।

कार्यक्रममा मानवअधिकार निगरानी समूहका संयोजक कृष्णप्रसाद बरालले पोखरामा खानेपानीको समस्या विकराल बन्दै गएकोप्रति संस्थानले गम्भीर रुपमा समस्या समाधानको पहल गर्नुपर्ने बताउनुभयो । शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक विष्णुप्रसाद बरालले संस्थान एक्लैले काम गर्न नसक्ने भएमा नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय लगायतसंग समन्वय र सहकार्य गरेर समस्या समाधान गर्नुपर्ने बताउनुभयो । गैसस महासंघका केन्द्रीय सदस्य रामप्रसाद सुवेदीले खानेपानी संस्थानका कर्मचारीहरू खानेपानी ट्याङकरसंग कमिशन खाने र आर्थिक चलखेल गर्ने क्षेत्रमामात्र पानी वितरण गरेको गुनासो आएको बताउनुभयो । इन्सेक पोखराका कार्यक्रम संयोजक गणेश श्रेष्ठले सरोकारवाला निकाय सबैलाई राखेर खानेपानी समस्या समाधानका लागि पहल गर्नु पर्नेमा जोड दिनुभयो ।

संस्थानका कार्यालय प्रमुख शैलेन्द्रकुमार शाहले गत वैशाखमा सेती नदीमा आएको बाढीले मर्दीखोलाको पाईप बगाएपछि खानेपानीको समस्या बढेको बताउनुभयो । बजेट अभाव र प्रशासनिक प्रक्रियाको ढिलाईले गर्दा बगाएको पाईप मर्मत गर्न नसकिएको उहाँले स्पष्ट पार्नुभएको थियो । संस्थानको केन्द्रीय कार्यालयको हालैको निर्णय अनुसार संस्थानको सम्पर्क कार्यालय र खानेपानी आयोजना छुट्टै संरचना तयार भएकोले उत्पादनको समस्या समाधान त्यसै आयोजनामार्फत् हुने प्रमुख शाहको भनाई थियो ।

# सर्वज्ञमान विष्णुदेवी पुरस्कार प्रधानलाई

**ज्योतिष भविष्यवाणी**

**पोखरा :** भैरव सांस्कृतिक संरक्षण समितिले यसवर्षको सर्वज्ञमान-विष्णुदेवी संस्कृति पुरस्कार-२०६९ प्रसिद्ध गायक प्रेमध्वज प्रधानलाई प्रदान गर्ने भएको छ । नेपालका प्रसिद्ध गायक तथा संगीतकार प्रधानलाई उक्त पुरस्कार प्रदान गरिने समितिले मंगलबार एक विज्ञप्ति जारी गर्दै जानकारी दिएको हो । पुरस्कारको राशि ५१ हजार ५१ रुपैयाँका साथ प्रमाणपत्र रहेको छ । समितिका प्रमुख सल्लाहकार सर्वज्ञमान प्रधानाङ्गकी धर्मपत्नी विष्णुदेवी प्रधानाङ्गको नाममा परिवारद्वारा वि.सं.२०५५ सालमा पुरस्कार स्थापना गरिएको हो । यसअघि वि.सं.२०५७ सालमा यस पुरस्कारबाट कृष्णबहादुर श्रेष्ठ, २०५९ मा प्रज्ञारत्न ब्रजाचार्य, २०६१ मा चेतन कार्की, २०६३ मा गायक फत्तेमान, २०६६ मा संस्कृतिविद् सत्यमोहन जोशीलगायतका व्यक्तित्व सम्मानित भइसक्नुभएको छ । प्रत्येक तीन वर्षमा प्रदान गरिने सो पुरस्कारका लागि सल्लाहकार तीर्थ श्रेष्ठको संयोजकत्वमा व्यक्तित्व चयन उपसमिति गठन गरिएको छ । गायक तथा संगीतकार प्रेमध्वज प्रधानले ६ सयभन्दा बढी गीतहरूमा स्वर दिइसक्नु भएकोछ । उहाँलाई यहि चैत्र १० गते शनिबारका दिन पोखरा उद्योग वाणिज्य संघको सभाकक्षमा दिनको १ बजे पुरस्कार प्रदान गरिने समितिका अध्यक्ष कृष्णदेव प्रधानाङ्गले बताउनुभयो ।

# महासंघको केन्द्रीय साधारणसभा

**ज्योतिष भविष्यवाणी**

**पोखरा :** नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा पोखरामा हुँदैछ । आगामी ९ गते शुक्रबार र १० गते शनिबार हुने साधारसभाको तैयारी अन्तिम चरणमा पुगेको छ । साधारण सभामा देशभरका करिब एक हजार तीनसय केन्द्रीय प्रतिनिधि तथा दुईसय पर्यवेक्षकको सहभागिता रहने नेपाल पत्रकार महासंघ कास्की शाखाका अध्यक्ष बद्रीविनोद प्रतिकले जानकारी दिनुभयो । सधारणसभामा कास्कीबाटमात्र ५६ जना केन्द्रीय प्रतिनिधि सहभागी हुँदैछन् । साधारणसभामा महासंघले दिने भावी रणनीति, पत्रकारले गर्ने काम र कर्तव्य, श्रमजीवि पत्रकार ऐन र देशको समय परिस्थिति माथि छलफल गर्ने बताइएको छ । यसैबीच नेपाल पत्रकार महासंघले पोखरामा गर्न लागिरहेको साधारणसभामा देशभरका प्रतिनिधि सहभागी हुने भएकाले ९ र १० गते बन्द हड्ताल नगर्न र नगराउन आग्रह गरेको छ । महासंघका अध्यक्ष शिव गाउँलेले एक विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गर्नुभएको हो ।


## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

**ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी**

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की (बाग्लुङ नयाँ बसपार्कदेखि दोस्रोचोक)

फोन सम्पर्क : ९८४६२१८८१५, ९८४६४६५५०९

### हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्म-कुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,

२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,

३) जन्म-कुण्डलीको आधारमा लिखित भविष्यवाणी गर्ने,

४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,

५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिदिने ।


# पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०७० को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्राहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।

अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान, प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१) तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१ ।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१ ।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

७) तालिमको नाम - मुहूर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) नवौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) १०औं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम् सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet .com .np मार्फत प्रवेश फर्म झिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९१२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।


प्राचार्य
डा. बलराम उपाध्याय रेग्मी
पोखरा ज्योतिष महाविद्यालय
सम्पर्क : ९८५६०२०९१४, ९८५६०३०९१४
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet .com .np
Website: www.jbweekly.com

# पोखरा विश्वविद्यालयमा ने.वि.संघको अधिवेशन

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा विश्वविद्यालय केन्द्रीय क्याम्पस चार संकायमा नेपाल विद्यार्थी संघले सोमबार इकाई अधिवेशन गरेको छ। विश्वविद्यालयको स्कूल अफ ईन्जिनियरिङ इकाईमा सभापति सृजन सुवेदी, उपसभापति मनोविन शर्मा र तरंग बरनवाल, सचिव यामकृष्ण पौडेल, सह-सचिव जेनिश खनियाँ, कोषाध्यक्ष गणेश भुजेल, सह-कोषाध्यक्षका विदुर्शन के.सी. रहनुभएको छ भने सदस्यहरूमा हरि कार्की, श्रीराज पौडेल, असिम राना, विषम खनाल, कविराज कुँवर, देवेन्द्र सुवेदी, रोशन कार्की, विजया थापा, सञ्जिव ढुंगाना र किशन पौडेल रहनुभएको छ। ईकाई अधिवेशनबाट स्कूल अफ हेल्थ एण्ड एलाईड साईन्सको सभापतिमा महेश बञ्जारा चयन हुनुभएको छ। समितिको उप-सभापतिमा सुनिल थापा र रष्मित पण्डित, सचिवमा गणेश सापकोटा, सह-सचिव डिसी थापा, कोषाध्यक्षमा किशोर पौडेल र सह-कोषाध्यक्षमा नरेन्द्रसिंह महरा रहनुभएको छ। स्कूल अफ हेल्थ एण्ड एलाईड साईन्स इकाईको सदस्यहरूमा दिप्ती थापा, सोम वि.क., लक्ष्मी नारायण न्यौपाने, राजन गुरुङ, होमबहादुर गुरुङ, मिलन कँडेल, शुस्मिता अधिकारी, यमुना पोखरेल, सम्झना गुरुङ, प्रतीक्षा गुरुङ, भावना ढकाल, लालमाया गुरुङ, विश्वास सुवेदी, दिपिका खत्री, प्रतीभा न्यौपाने, साजन बराल, विक्रम सुवेदी, आशिषराज सुवेदी, युजिन कुश्मी छन्। त्यस्तै इकाई अधिवेशनले स्कूल अफ बिजनेशमा पनि नयाँ नेतृत्व चयन गरेको छ। इकाईको सभापतिमा मौसम पोखरेल र उप-सभापतिमा सन्तोष बस्ती र विश्वराज पौडेल रहनुभएको छ। समितिका सचिव, सह-सचिव, कोषाध्यक्षमा क्रमश: गोपीकृष्ण तिवारी, श्रीकान्त ओझा, नारायण त्रिपाठी निर्वाचित हुनुभएको छ। यसैगरी सदस्यहरूमा सुमन गौतम, विवेक कुँवर, वीरेन्द्र बाँस्तोला, अजय पौडेल, अनुपम अधिकारी, समृद्ध अधिकारी, सञ्जय कुँवर, स्नेहा लामिछाने, दीपेश दाहाल र सचिन पुन रहनुभएको छ। यसैगरी विश्वविद्यालयको स्कूल अफ सोसल ईन्जिनियरिङमा सदस्यहरू पछि थप गर्ने गरी सभापति रीना राना, उप-सभापति पवन घिमिरे, सचिव बद्री अधिकारी, कोषाध्यक्ष अञ्जली थापा रहेको ईकाई समिति निर्वाचित गरिएको छ। कार्यक्रममा नेविसंघ विश्वविद्यालयको स्कूल अफ ईन्जिनियरिङ इकाईका सभापति विवेक बराल, स्कूल अफ विजनेशका सभापति कृष्ण बराल, स्कूल अफ हेल्थ एण्ड एलाईड साईन्सका सभापति सन्तोष लामिछाने लगायतले आ-आफ्नो भनाई राख्नुभएको थियो। नेपाल विद्यार्थी संघ केन्द्रीय अधिवेशन समितिका संयोजक राजन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सदस्य राजमणि सिग्देल र सञ्चालन सदस्य रमेश सुवेदीले गरेका थिए। पोखरा विश्वविद्यालय नेपाल विद्यार्थी संघ केन्द्रीय समितिका निवर्तमान सभापतिमा सम्पन्न कार्यक्रममा नेपाल विद्यार्थी संघ कास्की क्षेत्र नं. २ का सचिव शिरषकुमार बाँस्तोला र पोखरा विश्वविद्यालय ने.वि.संघ केन्द्रीय समितिका सदस्य लोकेन्द्र पुन अतिथि रहनुभएको थियो।

# बालिकालाई सिलाई कटाई तालिम


तस्वीर : ज्योतिष भविष्यवाणी

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा उद्योग वाणिज्य संघ अन्तर्गत संचालित बालश्रम न्युनिकरण गर्ने उद्देश्यले घरेलु तथा साना उद्योग कार्यालय, कास्की एवम् युनिसेफको सहकार्यमा कठिन परिस्थितिका बालिकालाई तीन महिने आधारभूत सिलाइ कटाइ तालिम सम्पन्न भए पश्चात् दिइने थप तीनमहिने एड्भान्स तालिम पोखरामा शुरु गरिएको छ।

तालिमको उद्घाटन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष संजिवबहादुर कोइरालाले तालिमले श्रममा लागेका बालिकाहरूलाई आत्मनिर्भर बनाउन सघाउ पुऱ्याउने बताउनुभयो। कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय पोखराका प्रमुख नन्दलाल पौडेलले बालश्रम न्युनिकरण कार्यक्रमले श्रमिक बालिकालाई आत्मनिर्भर बनाउने बताउँदै तालिम पश्चात् ८० प्रतिशत घरेलु तथा साना उद्योग कार्यालयले र २० प्रतिशत बालिका आँफैले बेहोर्ने गरी सिलाई मेसिन उपलब्ध गराउने जानकारी दिनुभयो। कार्यक्रमका तालिम संयोजक सुरेशकुमार मानन्धरले आधारभूत तालिमलेमात्र व्यवसाय तथा सीप दक्ष हुन नसक्ने भएकाले थप कोर्षको आयोजना गरिएको जानकारी दिनुभयो। त्यस्तै तालिमकी प्रशिक्षक मधु लामिछानेले एड्भान्स तालिम लिने बालिकाले बढी मेहनत गर्न सके यस कोर्षपछि एउटा प्रशिक्षकको रुपमा पनि तालिम दिन सकिने बताउनुभयो। तालिममा १२ जना बालिकाको सहभागिता रहेको छ।

# गीताञ्जलीमा...

लगायतको प्रस्तुति पनि निकै उत्कृष्ट भएको परिवारका सल्लाहकार ज्योतिषी प्रेम कुमारी गुरुङको भनाई छ। त्यस्तै सधैंभरी सारङ्गी बोकेर हिंड्ने क्रान्तिकारी स्वभावका काजी श्रेष्ठ 'गाउँले'ले सारङ्गीको धुनसंगै गाउनुभएका 'आपसमा खिचातानी लडाई खेल्न भन्दा, अखण्ड यो नेपालको समाउ एउटै झण्डा....' को गीत, अन्य कविहरूको भन्दा फरक शैलीमा कविता लेख्ने घनश्याम शर्मा रेग्मीको 'क देखि ज्ञ' सम्मका समय परिस्थिति समेटिएको कविता, करिब सात महाकाव्यको रचना गरिसक्नु भएका महाकाव्यकार रामनाथ अधिकारी 'संगी'का सुरिलो स्वरमा जोसिलो गीत, भक्तमाया गुरुङले गाएको गीतले गीता मन्दिर नै तताएको थियो। कार्यक्रममा पूजा भण्डारी, शरण आँशु, चन्द्रकान्त ढकाल, धर्मराज पौडेल, पत्रकार हरि पन्त, लक्ष्मी थापा, शंकर ज्ञवाली, विष्णु अल्पविराम, भानुभक्त भण्डारी, ज्योतिषी प्रेम कुमारी गुरुङ, तीर्थराज अधिकारी, कार्यक्रमका अध्यक्ष सह-प्राध्यापक कृष्ण भण्डारी 'मुमुक्षु', प्रभात नायक जगन्नाथ रेग्मी लगायतले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो। परिवारका अध्यक्ष सह-प्राध्यापक कृष्ण भण्डारी 'मुमुक्षु'को अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रभात नायक जगन्नाथ रेग्मीले साहित्य क्षेत्रले देश विकास तथा जनजागरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउँदै साहित्यलाई राष्ट्रले चिन्नु पर्नेमा जोड दिनुभयो। साहित्यमा रुचि हुनेले आफ्नो प्रतिभालाई लुकाएर होइन बाहिर प्रस्फुटन गरेमा सामाजिक जागरणमा टेवा पुग्ने प्रभात नायक रेग्मीको धारणा थियो। संस्थाका सदस्य भानुभक्त भण्डारीले स्वागत तथा संचालन सचिव लालमणि पोखरेलले गर्नुभएको थियो।

# कास्की जिल्ला बारको साधारणसभा

ज्योतिष भविष्यवाणी

**पोखरा** : कास्की जिल्ला बार एशोसिएशन पोखराको प्रथम साधारणसभा सम्पन्न भएको छ। साधारणसभाको उद्घाटन गर्दै वरिष्ठ अधिवक्ता तिलक आचार्यले ९० प्रतिशत सहमति भइसकेर पनि केही विषयलेमात्र संविधान जारी नहुनु विडम्वना भएको बताउनुभयो। उहाँले अब बाँकी विवादित विषय संसदले टुङ्गो लगाउने गरी संविधानसभाको नभई विधान सभाको निर्वाचन हुनुर्नेमा जोड दिनुभयो। प्रधानन्यायाधीश खिलराज रेग्मीले अदालतबाट राजीनामा नगरी कार्यपालिकाको प्रमुख बन्नु लोकतन्त्रको आधारभूत मूल्यमान्यता विपरीत भएको धारणा व्यक्त गर्नुभयो। कानूनी राज्यको रक्षाका लागि कानून व्यवसायीहरू एक हुनुपर्ने प्रमुख अतिथि आचार्यको भनाइ थियो। कास्की जिल्ला अदालत बार एशोसिएशनका अध्यक्ष अधिवक्ता कमलप्रसाद अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ अधिवक्ताहरू कृष्णबहादुर थापा, रामप्रसाद घिमिरे, कृष्णबहादुर गुरुङ, पुनरावेदन अदालत बार एशोसिएशनका अध्यक्ष अधिवक्ता मुकुन्द अर्याल, पेशागत तथा प्रगतिशील कानून व्यवसायी संघका जिल्ला अध्यक्ष अधिवक्ता पदमपाणि देवकोटा, लोकतान्त्रिक कानून व्यवसायी संघ (डी.एल.ए.)का कास्की अध्यक्ष अधिवक्ता रोहितराज बाँस्तोला, महिला कानून व्यवसायी मञ्चकी दिलमाया भुजेल, बारका उपाध्यक्ष मनबहादुर खत्री लगायतले देशको एकमात्र भरपर्दो निकाय न्यायपालिकालाई समेत राजनीतिक दलहरूले धराशायी बनाउन लागि परेको धारणा व्यक्त गर्दै त्यसबाट जागाउन सम्पूर्ण कानून व्यवसायी तथा कानूनकर्मीहरू एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभएको थियो। साधारण सभामा जिल्ला बारका सचिव अधिवक्ता शालिकराम भट्टराईले वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष भगवती पाहारीले आयव्यय प्रस्तुत गर्नुभएको थियो।


## वरिष्ठ ज्योतिष भविष्यवक्ता / अधिवक्ता

### ज्यो.डा.बलराम उपाध्याय रेग्मी

एम.ए.(अंग्रेजी), जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी), बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत) एम.फिल., पी.एच.डी.(ज्योतिष), ज्योतिष महामहोपाध्याय(डी.लिट्) मानार्थ

**कार्यालय** : ज्योतिष भविष्यवाणी, पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल

**भेट्ने समय** : बिहान १० बजेदेखि १२ बजेसम्म / दिनमा १ देखि बेलुकी ५ बजेसम्म /

नोट : प्रत्येक शनिबार 'ज्योतिष भविष्यवाणी' कार्यालय पूर्णरुपमा बन्द रहनेछ।

ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि सम्पर्क फोन नं. ९८५६०२०९१४, ९८५६०३०९१४ ९७२६१५३६८४, ०६१-५४०३४७



## विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

### उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



### होटल फेवा प्रिन्स प्रा. लि.

चाउथे, कुँडहर

'The Most Spacious Hotel in Pokhara'

फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink .com



**धार्मिक आस्था** : पोखराको मालेपाटनमा रहेको सिद्धेश्वर शिवालय मन्दिरमा पूजाआजा एवम् दर्शन गर्न लामबद्ध भक्तजनहरू । श्री सिद्धेश्वर शिवालय मन्दिर विकास समिति मालेपाटन पोखराको शनिबार बसेको बृहत् भेलाले सशस्त्र प्रहरी कालिकागण मालेपाटनभित्र अवस्थित एकसय ५० वर्ष पुरानो शिव मन्दिर सर्वसुलभ तरिकाले जान सार्वजनिक मार्ग यथाशिघ्र निर्माण गर्ने निर्णय गरेको छ । भेलाले मन्दिर हाताभित्र विशाल प्रवचन हल निर्माण गर्नुका साथै अन्य भौतिक पूर्वाधार तैयार पार्न भेकबहादुर थापाको संयोजकत्वमा निर्माण उप-समिति गठन गरेको छ । समितिका अध्यक्ष गंगा केसीको सभापतित्वमा सम्पन्न भेलामा कोषाध्यक्ष गोपाल थापा, निर्माण उपसमितिका संयोजक भेकबहादुर थापा, रामप्रसाद तिमिल्सिना, रविन्द्र माकाजू र मुक्तिप्रसाद तिमिल्सिना लगायतका वक्ताले प्राचीन मठमन्दिरको संरक्षणमा सबैले ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो । तस्वीर सहयोग : गंगाधर पराजुली/नेपाल प्रेस युनियन

# सेभेन ए साइड फुटवल हुने

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : मेरो नेपाल युवा क्लब, पोखरा-१४ मझेरीपाटनले नववर्ष २०७० को अवसर पारेर तेस्रो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ । क्लब भवन विस्तार गरी सभाहल निर्माणमा सहयोग पु¥याउने उद्देश्यका साथ प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

आगामी वैशाख ४ देखि ७ गतेसम्म संचालन हुने प्रतियोगितामा ४० समूहको सहभागिता रहने क्लबका अध्यक्ष हरि जि.सी.ले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुने समूहले ७५ हजार ५ सय ५५, उपविजेताले ४० हजार ४ सय ४४ रुपैयाँ साथमा ट्रफी, प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी अनुशासित टिम, उत्कृष्ट पोशाक, हाइस्कोरर र वेष्ट फेयर प्लेयरको पुरस्कारको व्यवस्थासमेत गरिएको अध्यक्ष जि.सी.ले बताउनुभयो । प्रतियोगिता सम्पन्न गर्न अध्यक्ष जि.सी.को संयोजकत्वमा एकसय एक सदस्यीय मूल आयोजक समिति गठन गरिएको प्रचार-प्रसार समितिका संयोजक पृथ्वीबहादुर कुँवरले जानकारी दिनुभयो ।

क्लबले विगत तीनवर्षदेखि खुल्ला सेभेन ए साइड प्रतियोगितालाई निरन्तरता दिंदै आएको छ । क्लबले असारे पन्ध्र महोत्सव, खुल्ला रक्तदान, भलिबल प्रतियोगिता, सरसफाई लगायतका विभिन्न सामाजिक कार्यहरू गर्दै आएको जनाएको छ ।

# स्याङ्जाकै...

ध्यान दिएमा वालिङमा समेत आर्थिक विकासमा सहयोग पुग्ने स्थानीय पत्रकार प्रदीप कोइरालाको भनाइ छ ।

स्याङजा जिल्लाको करिब मध्य भू-भागमा रहेको गह्रौंकालिका मन्दिर स्याङजा जिल्लाकै मुटु मानिने वालिङ बजारदेखि दक्षिणतर्फ करिब तीन घण्टाको पैदल तथा सात किलोमिटर कच्ची सडक प्रयोग गरी आधा घण्टा पैदलयात्राबाट पुग्न सकिन्छ । धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोकेको स्थल गह्रौंकालिका मन्दिर आफ्नै महत्वले सम्पन्न भए पनि प्रचार-प्रसारको अभाव तथा सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

समयमै सम्बन्धित पक्षको उचित ध्यान पुग्न सके मन्दिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।


# ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।
१३. प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज पोखराद्वारा संचालित कार्यक्रम 'ज्योतिष जागरण' सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

## ज्योतिष भविष्यवाणी

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार

कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet .com .np/haripanta@gmail .com

Website: www .jbweekly .com, www .Facebook .com/jbweekly


# सहाराविहीनको...

सामाजिक सेवा गर्न सकिन्छ भन्ने उद्देश्यले वि.सं.२०५५ सालमा स्थापना भएको सहारा क्लब पोखराले राष्ट्रिय अन्तर्राष्ट्रिय क्लबस्तरीय फुटबल प्रतियोगिताको आयोजना गर्नुको साथै २०५८ सालदेखि २०६१ सालसम्म सहारा फुटबल एकेडेमी, २०६१ सालदेखि हालसम्म कठिन परिस्थिति एवं विपन्न वर्गका बालकहरूको सहारा फुटबल एकेडेमी संचालन गर्दै आएको छ । विगतका एकेडेमी संचालन गर्नेक्रममा भएको अनुभव, कमिकमजोरी तथा विभिन्न व्यक्ति एवं संघ-संस्थाको सहयोगमा आफ्नै स्वामित्वमा करिब दुई करोडको लागतमा सुविधा सम्पन्न एकेडेमी भवन तैयार गरिएको छ । पोखरा-१७, दोविल्लामा रहेको २६ रोपनी जग्गामा एकेडेमी भवन संचालन, खेल मैदान निमार्ण कार्य सम्पन्न भइसकेका छन् भने अन्य भौतिक पूर्वाधार निमार्णकोक्रममा रहेका छन् ।


ज्योतिष भविष्यवाणी प्रत्येक बिहीबार आइनपुगेमा सम्पर्क

०६१-५४०३४७

९८४६१४७३६९



# सूचना ! सूचना !! सूचना !!!

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेबीच सुनौलो एफ.एम.१०२.२ मेगाहर्ज पोखराद्वारा संचालित कार्यक्रम 'ज्योतिष जागरण' सुन्दै गर्नुहोला । आफ्ना सुझाव सल्लाहका लागि मोवाइल नं. ९८५६०२०९१४

कार्यक्रम संचालक

वरिष्ठ ज्योतिष भविष्यवक्ता

**डा. बलराम उपाध्याय रेग्मी**

पो.व.नं.२०७, पोखरा, नेपाल


# हार्दिक शोक समवेदना



स्व.कुलबहादुर के.सी.

साहित्यिक एवम् सामाजिक क्षेत्रका जुझारु व्यक्तित्व कवि **कुलबहादुर के.सी.**को वि.सं. २०६९ चैत्र २ गते शुक्रबारका दिन ६७ वर्षको उमेरमा बाटुलेचौर, पोखरामा असामयिक निधन भएकोमा उहाँको स्वर्गीय आत्मालाई मोक्षको कामना गर्दै शोक सन्तप्त परिवार, आफन्त, शुभेच्छुक सबैमा धैर्यधारण गर्ने शक्ति मिलोस् **हार्दिक शोक समवेदना** प्रकट गर्दछौं ।

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

संस्थापक/सम्पादक

**ज्योतिष भविष्यवाणी (साप्ताहिक), नेपाल**

# दैनिक शुभ समय कार्य तालिका

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

| | |
|---|---|
| बिहीबार<br>२०६९/१२/८<br>Mar.21, 2013 | बिहान ६:०९ बजेदेखि ७:३९ बजेसम्म शुभ/बिहान ७:३९ बजेदेखि ९:०९ बजेसम्म रोग/बिहान ९:०९ बजेदेखि १०:३९ बजेसम्म उद्वेग/बिहान १०:३९ देखि १२:०९ बजेसम्म चर/दिनमा १२:०९ देखि १:३९ बजेसम्म लाभ/दिनमा १:३९ बजेदेखि ३:०९ बजेसम्म अमृत/दिनमा ३:०९ देखि ४:३९ बजेसम्म काल/बेलुकी ४:३९ देखि ६:०९ बजेसम्म शुभ। |
| शुक्रबार<br>२०६९/१२/९<br>Mar.22, 2013 | बिहान ६:०८ बजेदेखि ७:३८ बजेसम्म चर/बिहान ७:३८ बजेदेखि ९:०८ बजेसम्म लाभ/बिहान ९:०८ बजेदेखि १०:३८ बजेसम्म अमृत/बिहान १०:३८ देखि १२:०८ बजेसम्म काल/दिनमा १२:०८ देखि १:३८ बजेसम्म शुभ/दिनमा १:३८ बजेदेखि ३:०८ बजेसम्म रोग/दिनमा ३:०८ देखि ४:३८ बजेसम्म उद्वेग/बेलुकी ४:३८ देखि ६:०८ बजेसम्म चर। |
| शनिबार<br>२०६९/१२/१०<br>Mar.23, 2013 | बिहान ६:०७ बजेदेखि ७:३७ बजेसम्म काल/बिहान ७:३७ बजेदेखि ९:०७ बजेसम्म शुभ/बिहान ९:०७ बजेदेखि १०:३७ बजेसम्म रोग/बिहान १०:३७ देखि १२:०७ बजेसम्म उद्वेग/दिनमा १२:०७ देखि १:३७ बजेसम्म चर/दिनमा १:३७ बजेदेखि ३:०७ बजेसम्म लाभ/दिनमा ३:०७ देखि ४:३७ बजेसम्म अमृत/बेलुकी ४:३७ देखि ६:०७ बजेसम्म काल। |
| आइतबार<br>२०६९/१२/११<br>Mar.24, 2013 | बिहान ६:०६ बजेदेखि ७:३६ बजेसम्म उद्वेग/बिहान ७:३६ बजेदेखि ९:०६ बजेसम्म चर/बिहान ९:०६ बजेदेखि १०:३६ बजेसम्म लाभ/बिहान १०:३६ देखि १२:०६ बजेसम्म अमृत/दिनमा १२:०६ देखि १:३६ बजेसम्म काल/दिनमा १:३६ बजेदेखि ३:०६ बजेसम्म शुभ/दिनमा ३:०६ देखि ४:३६ बजेसम्म रोग/बेलुकी ४:३६ देखि ६:०६ बजेसम्म उद्वेग। |
| सोमबार<br>२०६९/१२/१२<br>Mar.25, 2013 | बिहान ६:०५ बजेदेखि ७:३५ बजेसम्म अमृत/बिहान ७:३५ बजेदेखि ९:०५ बजेसम्म काल/बिहान ९:०५ बजेदेखि १०:३५ बजेसम्म शुभ/बिहान १०:३५ देखि १२:०५ बजेसम्म रोग/दिनमा १२:०५ देखि १:३५ बजेसम्म उद्वेग/दिनमा १:३५ बजेदेखि ३:०५ बजेसम्म चर/दिनमा ३:०५ देखि ४:३५ बजेसम्म लाभ/बेलुकी ४:३५ देखि ६:०५ बजेसम्म अमृत। |
| मंगलबार<br>२०६९/१२/१३<br>Mar.26, 2013 | बिहान ६:०३ बजेदेखि ७:३३ बजेसम्म रोग/बिहान ७:३३ बजेदेखि ९:०३ बजेसम्म उद्वेग/बिहान ९:०३ बजेदेखि १०:३३ बजेसम्म चर/बिहान १०:३३ देखि १२:०३ बजेसम्म लाभ/दिनमा १२:०३ देखि १:३३ बजेसम्म अमृत/दिनमा १:३३ बजेदेखि ३:०३ बजेसम्म काल/दिनमा ३:०३ देखि ४:३३ बजेसम्म शुभ/बेलुकी ४:३३ देखि ६:०३ बजेसम्म रोग। |
| बुधबार<br>२०६९/१२/१४<br>Mar.27, 2013 | बिहान ६:०२ बजेदेखि ७:३२ बजेसम्म लाभ/बिहान ७:३२ बजेदेखि ९:०२ बजेसम्म अमृत/बिहान ९:०२ बजेदेखि १०:३२ बजेसम्म काल/बिहान १०:३२ देखि १२:०२ बजेसम्म शुभ/दिनमा १२:०२ देखि १:३२ बजेसम्म रोग/दिनमा १:३२ बजेदेखि ३:०२ बजेसम्म उद्वेग/दिनमा ३:०२ देखि ४:३२ बजेसम्म चर/बेलुकी ४:३२ देखि ६:०२ बजेसम्म लाभ। |

# दैनिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/१२/८<br>Mar.21, 2013 | बेलुकी ६:०९ बजेदेखि ७:३९ बजेसम्म अमृत/साँझ ७:३९ बजेदेखि ९:०९ बजेसम्म चर/राति ९:०९ बजेदेखि १०:३९ बजेसम्म रोग/राति १०:३९ देखि १२:०९ बजेसम्म काल/राति १२:०९ देखि १:३९ बजेसम्म लाभ/राति १:३९ बजेदेखि ३:०९ बजेसम्म उद्वेग/राति ३:०९ देखि ४:३९ बजेसम्म शुभ/बिहानमा ४:३९ देखि ६:०९ बजेसम्म अमृत। |
| शुक्रबार<br>२०६९/१२/९<br>Mar.22, 2013 | बेलुकी ६:०८ बजेदेखि ७:३८ बजेसम्म रोग/साँझ ७:३८ बजेदेखि ९:०८ बजेसम्म काल/राति ९:०८ बजेदेखि १०:३८ बजेसम्म लाभ/राति १०:३८ देखि १२:०८ बजेसम्म उद्वेग/राति १२:०८ देखि १:३८ बजेसम्म शुभ/राति १:३८ बजेदेखि ३:०८ बजेसम्म अमृत/राति ३:०८ देखि ४:३८ बजेसम्म चर/बिहानमा ४:३८ देखि ६:०८ बजेसम्म रोग। |
| शनिबार<br>२०६९/१२/१०<br>Mar.23, 2013 | बेलुकी ६:०७ बजेदेखि ७:३७ बजेसम्म लाभ/साँझ ७:३७ बजेदेखि ९:०७ बजेसम्म उद्वेग/राति ९:०७ बजेदेखि १०:३७ बजेसम्म शुभ/राति १०:३७ देखि १२:०७ बजेसम्म अमृत/राति १२:०७ देखि १:३७ बजेसम्म चर/राति १:३७ बजेदेखि ३:०७ बजेसम्म रोग/राति ३:०७ देखि ४:३७ बजेसम्म काल/बिहानमा ४:३७ देखि ६:०७ बजेसम्म लाभ। |
| आइतबार<br>२०६९/१२/११<br>Mar.24, 2013 | बेलुकी ६:०६ बजेदेखि ७:३६ बजेसम्म शुभ/साँझ ७:३६ बजेदेखि ९:०६ बजेसम्म अमृत/राति ९:०६ बजेदेखि १०:३६ बजेसम्म चर/राति १०:३६ देखि १२:०६ बजेसम्म रोग/राति १२:०६ देखि १:३६ बजेसम्म काल/राति १:३६ बजेदेखि ३:०६ बजेसम्म लाभ/राति ३:०६ देखि ४:३६ बजेसम्म उद्वेग/बिहानमा ४:३६ देखि ६:०६ बजेसम्म शुभ। |
| सोमबार<br>२०६९/१२/१२<br>Mar.25, 2013 | बेलुकी ६:०५ बजेदेखि ७:३५ बजेसम्म चर/साँझ ७:३५ बजेदेखि ९:०५ बजेसम्म रोग/राति ९:०५ बजेदेखि १०:३५ बजेसम्म काल/राति १०:३५ देखि १२:०५ बजेसम्म लाभ/राति १२:०५ देखि १:३५ बजेसम्म उद्वेग/राति १:३५ बजेदेखि ३:०५ बजेसम्म शुभ/राति ३:०५ देखि ४:३५ बजेसम्म अमृत/बिहानमा ४:३५ देखि ६:०५ बजेसम्म चर। |
| मंगलबार<br>२०६९/१२/१३<br>Mar.26, 2013 | बेलुकी ६:०३ बजेदेखि ७:३३ बजेसम्म काल/साँझ ७:३३ बजेदेखि ९:०३ बजेसम्म लाभ/राति ९:०३ बजेदेखि १०:३३ बजेसम्म उद्वेग/राति १०:३३ देखि १२:०३ बजेसम्म शुभ/राति १२:०३ देखि १:३३ बजेसम्म अमृत/राति १:३३ बजेदेखि ३:०३ बजेसम्म चर/राति ३:०३ देखि ४:३३ बजेसम्म रोग/बिहानमा ४:३३ देखि ६:०३ बजेसम्म काल। |
| बुधबार<br>२०६९/१२/१४<br>Mar.27, 2013 | बेलुकी ६:०२ बजेदेखि ७:३२ बजेसम्म उद्वेग/साँझ ७:३२ बजेदेखि ९:०२ बजेसम्म शुभ/राति ९:०२ बजेदेखि १०:३२ बजेसम्म अमृत/राति १०:३२ देखि १२:०२ बजेसम्म चर/राति १२:०२ देखि १:३२ बजेसम्म रोग/राति १:३२ बजेदेखि ३:०२ बजेसम्म काल/राति ३:०२ देखि ४:३२ बजेसम्म लाभ/बिहानमा ४:३२ देखि ६:०२ बजेसम्म उद्वेग। |

# तपाईंको यो हप्ता

(चैत्र ८ गते बिहीबारदेखि १५ गते बुधबारसम्म)
(From Mar.21, to 27, 2013)

*ज्यो.सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषःतपाईंलाई यो हप्ता आशा नै नगरेको ठाउँबाट धन प्राप्त हुन सक्नेछ। जमीन किन्नु छ भने यसै हप्ताको बुधबार पारेर किन्नुहोला। उच्चस्तरीय घनिष्ट मित्रसंगको भेट, पेशागत क्षेत्रमा नयाँ लाभका सम्भावना बढेर जानेछन्। जताबाट पनि हर्ष र खुसीका समाचारहरू प्राप्त हुनेछन्। समय शुभ रहेकाले समयको सही उपयोग गर्नुहोला। शनिबार विशेष खराब रहने छ।

२. वृषः तपाईंले यो हप्ता गर्न खोजेका जुनसुकै कार्यमा बाधा रहेका छन्। मनमा अशान्ति, यात्रामा बिघ्नबाधा, वायुरोगले सताउने, खानामा गडबडी, कुनै शोक पर्ने समाचार प्राप्त हुन सक्नेछन्। जस्तोसुकै बाधा परेपनि निराश नभई सक्रिय रुपमा आफ्नो कार्य सम्पादन गर्नुहोला। शैक्षिक क्षेत्रबाट पनि त्यति राम्रो नहुने ज्योतिष वैज्ञानिक दृष्टिकोणमा देखिएको छ।

३. मिथुनःतपाईंका लागि यो हप्ता सबै प्रकारले शुभ रहेको छ। पानी र गर्मीबाट विशेष सतर्क रहनुहोला। अरु काम तपाईंले सोचेअनुसार सफल हुनेछन्। खासगरी यो हप्तामा बिहीबार र शुक्रबार सर्वोत्तम शुभ रहेका छन्। त्यसैले जे काम गर्नुछ यही दुई दिनमा थालनी गर्नुभएमा राम्रो हुनेछ। समग्रमा यो हप्ताको समय शुभ रहेकाले महत्वपूर्ण लाभ प्राप्त हुन सक्नेछ।

४. कर्कःतपाईंका लागि यो हप्ता अनावश्यक मानसिक चिन्ता थपिनेछ। नबोलाएको ठाउँमा नजानु होला। बद्नाम, अपमानको सम्भावना त्यत्तिकै रहेको छ। जुनसुकै काममा अनावश्यक खर्च भै जाने अवस्था छ। सकेसम्म जसको जे काम गर्नु छ उही व्यक्तिसंग पैसा लिएर काम गर्ने गर्नुहोला। यो हप्ता विशेष गरी आइतबार र सोमबार शुभ रहनेछन्। सोमबार पूर्व जानु ठीक हुनेछैन।

५. सिंहःतपाईंलाई यो हप्ता सबै प्रकारले लाभ मिल्नेछ। स्वास्थ्यले पनि राम्रो साथ दिनेछ। उठ्नुपर्ने रकम उठ्नेछ। यश,कीर्ति बढ्ने काममा लगानी गर्नुभएमा राम्रो परिणाम पाइनेछ। घरमा नयाँ प्रकारले किनमेल हुनेछ। आइतबार उत्तर दिशाको यात्रामा नजानुनै राम्रो हुनेछ। धार्मिक कार्यमा लगानी हुन सक्नेछ। आफन्तसंग मनमुटावको योग समेत रहेको छ।

६. कन्याःतपाईंका लागि यो हप्ता स्वास्थ्य ठीक–ठाक रहनेछ। गर्न खोजेका केही काम सफल र केही अधुरा रहनेछन्। आँफू अपमानित हुनुपर्ने ठाउँमा नचाहेर पनि जानुपर्नेछ। आफन्तै व्यक्तिहरूसँग झगडा पर्न सक्नेछ। व्यर्थैको काममा फँसाउन खोज्ने छन्, समग्रमा यो हप्ता समय मध्यम शुभ रहेको भएपनि सभा समारोहमा भाग लिन पाइनेछ। पश्चिमतिरको यात्रा हुन सक्ने देखिन्छ।

७. तुलाःतपाईंलाई यो हप्ता आँफूले सोचेका काममा भने जस्तो सफलता पाइने छैन। त्यसकारण मानशिक असन्तुष्टिको अनुभव हुनेछ। समयमा खान नपाइने अथवा अगतिलो खाना सेवन गर्नुपर्ला। पुराना मित्रले व्यर्थैको विवाद र कुरा काट्नेछन्। अनावश्यक काममा खर्च हुनुबाट सतर्क रहनु होला। यो हप्ताको अन्तिम दिन बुधबार शुभ हुने देखिन्छ।

८. वृश्चिकःतपाईंको यो हप्तामा आफन्त व्यक्तिबाट नै धोका र अविश्वासको सम्भावना छ। तपाईंले गर्न खोजेका काममा चारैतिरबाट अवरोधका सम्भावना छन्। आकस्मिक चोरी हुन सक्ने छ। यो हप्ता सबै प्रकारले सतर्क रहनुहोला। हप्ताको अन्त्यतिर कुनै व्यक्ति मार्फत धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ। मानसिक शान्ति र आराम मिल्ने समय चल्नेछ।

९. धनुः तपाईंको यो हप्तामा स्वास्थ्य राम्रो, आदर–सत्कार पाइनेछ। घरमा पारिवारिक सहयोग पाइने, एक्कासी आम्दानी बढ्ने, जमिन किनबेचमा लाभ, मित्रजनसँग भेट, जताबाट पनि हर्ष र खुशीका खबरमात्रै पाइनेछ भने हप्ताको अन्त्यतिर कुनै व्यक्तिसँग विवादमा परिने, मन चञ्चल रहनेछ त्यसैले हरेक कार्यमा सतर्क भएर कार्य सम्पादन गर्नुहोला। यात्रा पनि शुभ हुने छैन।

१०. मकरःतपाईंलाई यो हप्ता पनि स्वास्थ्यमा त्यति खरावी रहने छैन। इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ। घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ। यो हप्ता विशेष कार्यक्रममा भाग लिने स्थिति आउला भन्न सकिन्छ। शैक्षिक क्षेत्रबाट पनि पुरस्कृत हुन सकिनेछ। समग्रमा यो हप्ताको समय शुभ छ, उपयोग गर्नुहोला तर नयाँ साथीको संगत नगर्नुहोला।

११. कुम्भःतपाईंको यो हप्ता स्वास्थ्य भरपर्दो रहने छैन। खानामा कुनै गडबडीको सम्भावना छ। कुनै व्यक्तिसंग विवाद पर्ने, जताबाट पनि हानी नोक्सानीको डर छ। सबै प्रकारले सतर्क रहनुहोला। हप्ताको अन्त्यतिर पछिल्ला दिनमा स्वास्थ्य राम्रो, आदर–सत्कार पाइने, पारिवारिक सहयोग राम्रो पाइने, धार्मिक कार्यमा सहभागी हुन पाइने तर आफन्तले मन दुखाउन सक्नेछन्।

१२. मीनःतपाईंको यो हप्तामा एक्कासी नयाँखालको रोगले दुःख दिन सक्नेछ। कुनै व्यक्तिसँग झगडा पर्ने, जताबाट पनि नोक्सानमात्रै पर्नेछ। शत्रूसँगको विवाद झनै चर्किने छ। मनमा अशान्ति, यात्रामा बिघ्नबाधा, खानामा गडबडी हुनेछ भने हप्ताको अन्त्यतिर लाभ हुने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश, कीर्ति बढ्ने, घरमा नयाँ चहलपहल हुनेछ, समयको सही उपयोग गर्नुहोला।

## साप्ताहिक साहित

चैत्र ८, २०६९ बिहीबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
चैत्र ९, २०६९ शुक्रबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
चैत्र १०, २०६९ शनिबार – पश्चिम र उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
चैत्र ११, २०६९ आइतबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
चैत्र १२, २०६९ सोमबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
चैत्र १३, २०६९ मंगलबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
चैत्र १४, २०६९ बुधबार – पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile : 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, पर्वत संवाददाता : सुनिता रेग्मी, भारत मध्यप्रदेश संवाददाता : ज्यो. सन्तोष रेग्मी, भारत उत्तर प्रदेश संवाददाता : प्रदीप/मधु रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/पूर्व अध्यक्ष नेपाल बार एशोसिएशन,काठमाडौं/आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङ : हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल।
E-mail: haripanta@gmail.com, website: www.jbweekly.com, मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com